नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

च.न.:

लाजिम्पाट, काठमाण्डौं

मितिः-२०७६/०२/१७

विषयः **आर्थिक विधेयक, २०७६ तथा नियमावलीमा भएका संसोधन** ।

सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अनुसार नेपाल सरकारको सूचित आदेशद्वारा मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८, अन्तशुल्क ऐन, २०५८ मा गरेका मुलभूत संशोधनहरु र सम्बन्धित नियमावलीहरुमा संशोधनहरु देहाय बमोजिम रहेका छन्। यस सम्बन्धी पूर्ण विषयवस्तु आर्थिक विधेयक, २०७६ तथा सम्बन्धित नियमावली अध्ययन गर्नु हुन जानकारीको लागि अनुरोध छ ।

## आर्थिक ऐन तर्फः

१. **नवीनतम् सोच, सीप, उद्यमशीलता र प्रविधिको उपयोग गरी शुरु गरिएका (स्टार्ट अप) व्यवसायमा लाग्ने कर, जरिबाना, थप दस्तुर, शुल्क तथा व्याज मिन्हा सम्बन्धी विशेष व्यवस्थाः (दफा २०)**

नवीनतम् सोच, सीप, उद्यमशीलता र प्रविधिको उपयोग गरी शुरु गरिएका (स्टार्ट अप) व्यवसाय गर्ने व्यक्ति वा संस्था करको दायरामा नआएका भए त्यस्ता व्यक्तिले सम्वत् २०७६ पौष मसान्त भित्र स्थायी लेखा नम्बर लिई मूल्य अभिबृद्धि करमा दर्ता गरेमा आर्थिक वर्ष २०७५।०७६ भन्दा अघिका वर्षहरुको कुनै पनि किसिमको विवरण, कर, जरिबाना, थप दस्तुर, शुल्क तथा ब्याज बुझाउनु नपर्ने।

२. **सामाजिक सुरक्षा कोष सम्बन्धी व्यवस्थाः (दफा २१)**

आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम एकल प्राकृतिक व्यक्तिको वार्षिक चार लाख रुपैयाँसम्म र दम्पतीको हकमा वार्षिक चार लाख पचास हजार रुपैयाँसम्म रोजगारीको आय भएमा सो आयमा एक प्रतिशतका दरले कर लाग्ने ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

च.न.:
लाजिम्पाट, काठमाण्डौं

## मूल्य अभिवृद्धि कर तर्फः-

१. **मू.अ.करमा अनिवार्य दर्ता हुनुपर्ने व्यवसाय थप तथा संशोधन भएकोः दफा १०(२)(क) र (ख)**

(क) देहायको कारोबार गरेमा मूल्य अभिवृद्धि करमा अनिवार्य दर्ता गराउनुपर्नेः

मदिरा (साविकमा मदिरा डिष्ट्रिव्यूटर रहेको), वाइन (साविकमा वाइन सप रहेको), हेल्थ क्लव, डिस्को थेक, मसाज थेरापी, मोटर पार्टस् (साविकमा महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा विभागले तोकेको क्षेत्रभित्र रहेको) विद्युतीय सफ्टवेयर, भन्सार एजेण्ट, खेलौनाको व्यवसाय, कवाडी तथा पत्रुको व्यवसाय।

(ख) महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा विभागले तोकेको क्षेत्रभित्र कारोबार गर्ने देहायका सेवाले मूल्य अभिवृद्धि करमा अनिवार्य दर्ता गराउनुपर्ने थप व्यवस्थाः

शैक्षिक तथा कानूनी परामर्श, लेखा तथा लेखापरीक्षण सम्बन्धी सेवा।

२. **दर्ता अभिलेख अद्यावधिक गर्ने सम्बन्धमाः**

यस ऐन बमोजिम दर्ता भएका व्यक्तिले विभागले तोके बमोजिमको दर्ता सम्बन्धी सूचना र अभिलेख विभागको वायोम्याट्रिक दर्ता प्रणालीमा तोकिएको अवधिभित्र अद्यावधिक गर्नु पर्ने । (दफा १०ग.)

३. **रु.दश लाख भन्दा बढीको कर भुक्तानीः**

दश लाख रुपैयाँभन्दा बढीको कर भुक्तानी गर्दा चेक, ड्राफ्ट वा विद्युतीय माध्यमबाट भुक्तानी गर्नु पर्ने दफा १९(७क.)

४. **मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धमाः**

लगातार ४ महिनासम्म मिलान गरेर बाँकी रहेको रकम दर्ता भएको व्यक्तिले एकमुष्ठ फिर्ता पाउन तोकिए बमोजिम निवेदन दिन सक्ने ।दफा २४(३)

५. **कूटनीतिक नियोगको कर फिर्ताः**

नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक सुविधा प्राप्त नियोगले नेपालभित्र कर लाग्ने वस्तु वा सेवा खरीद गर्दा तिरेको करको रकम फिर्ता माग गर्न सक्ने ।दफा २५(क१) थप

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

लाजिम्पाट, काठमाण्डौं

च.न.:

कूटनीतिक निकाय वा कूटनीतिज्ञले कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको कर एक पटकमा दश हजार रुपैयाँ भन्दा कमको खरिदमा फिर्ता नहुने । दफा २५(१क)

६. **उपभोक्तालाई मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धमा:**

कुनै उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा त्यस्तो खरिदको मूल्य प्रचलित कानून बमोजिम विद्युतीय माध्यमबाट भुक्तानी गरेमा निजलाई नगद प्रोत्साहन स्वरुप भुक्तानी गरेको करको दश प्रतिशत रकम विभागले तोकेको प्रक्रिया बमोजिम निजको बैंक खातामा फिर्ता गरिने । दफा २५(१ख) थप

७. **समयमा सूचना नदिएमा जरिवाना:**

दर्ताको लागि दिएको दरखास्तमा उल्लिखित विवरणमा कुनै परिवर्तन भएमा सो को जानकारी १५ दिन भित्र नदिएमा पटकै पिच्छे दश हजार रुपैयाँ, जरिवाना हुने । दफा २९(१)(ख२)

८. **मूल्य अभिवृद्धि कर बीजक नलिएमा जरिवाना हुने:**

दर्ता भएको व्यक्तिले बीजक नदिएमा पटकै पिच्छे दश हजार रुपैयाँ र प्रापकले बीजक नलिएमा पटकै पिच्छे एक हजार रुपैया जरिवाना हुने । दफा २९(१)(ग) थप

९. **ढुवानीका बखत साथमा कर बीजक नहुँदा लाग्ने जरिवाना:**

दश हजार रुपैयाँ भन्दा बढीको कर लाग्ने बस्तु विभागले तोकेको क्षेत्र बाहिर ढुवानी गर्नेले कर बीजक साथमा नराखेमा पटकै पिच्छे दश हजार रुपैयाँ । दफा २९(१)(ग१)

१०. **झुठा बीजक जारी गर्नेलाई कैद समेतको सजाय:**

बस्तु तथा सेवाको हस्तान्तरण नगरी बीजक मात्र जारी गर्ने बिक्रेता व्यक्तिलाई जारी बीजक मूल्यको पचास प्रतिशत जरिबाना वा ६ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने ।(दफा २९(१ग)

११. **प्रशासकीय पुनरावलोकनको निवेदनमा रकम दाखिला सम्बन्धमा:**

विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दिंदा विवादित कर रकमको एकचौथाई रकम दाखिला गर्नुपर्ने । दफा ३१क.(६)

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

च.न.:

लाजिम्पाट, काठमाण्डौं

१२. **मू.अ.कर लाग्ने बस्तु तथा सेवाहरुः**

साविकमा मू.अ.कर ऐन, २०५२ को अनुसूची १ मा उल्लेख भई मू.अ.कर छुट भएका आँटा, सोयाबडि मस्यौरा, टेम्पो र ढुवानी सेवा अनुसूची १ बाट हटेका हुँदा मू.अ.कर लाग्ने भएको ।

## आयकर तर्फः-

१. दफा ११(२) मा रहेका "बचत तथा ऋण सहकारी" भन्ने शब्दहरुको सट्टा "वित्तीय कारोबार गर्ने सहकारी" भन्ने शब्दहरु राखिएको ।

२. **कुनै आय वर्षमा वर्षभरि पूर्णरुपले सञ्चालनमा रहेको विशेष उद्योगबाट भएको आयमा लाग्ने करमा छुट हुनेः दफा ११(२ख)**

(क) बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लागेको रहेछ भने सो करमा एक तिहाईले,
(ख) निकायको आयमा लाग्ने करमा बीस प्रतिशतले,
(ग) खण्ड (क) वा (ख) बमोजिमको सुविधा पाएका व्यक्तिले यस दफा बमोजिम अर्को कुनै कर छुट सुविधा पाउने रहेछ भने सो कर छुट सुविधा समेत पाउने ।

३. **नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको आयमा देहाय अनुसार कर छुट हुनेः दफा ११(३ङ)**

(क) बासिन्दा प्राकृतिक व्यक्तिको आयमा बीस प्रतिशतको दरले कर लाग्ने रहेछ भने सो करमा पच्चीस प्रतिशत र तीस प्रतिशतका दरले कर लाग्ने रहेछ भने सो करमा पचास प्रतिशत,
(ख) निकायको आयमा लाग्ने करमा बीस प्रतिशत,
(ग) उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरी प्राप्त भएको आयमा खण्ड (क) वा (ख) बमोजिमको छुट पछि कायम हुने करमा थप पच्चीस प्रतिशत ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

च.न.: लाजिम्पाट, काठमाण्डौं

४. **कुनै निकायले देहाय बमोजिमको कार्य गरी सोबाट प्राप्त आयमा लाग्ने करमा देहाय बमोजिम छुट हुनेः दफा ११(३च)**

(क) ट्राम वा ट्रलि बस सञ्चालन गरेमा बीस प्रतिशत,
(ख) रोपवे, केवलकार, रेल्वे, टनेल वा आकासे पुल निर्माण गरी सञ्चालन गरेमा बीस प्रतिशत,
(ग) विमानस्थल निर्माण तथा सञ्चालन गरेमा चालीस प्रतिशत,
(घ) सडक, पुल वा सुरुङ्ग मार्ग निर्माण तथा सञ्चालन गरेमा बाउन्न प्रतिशत,
(ङ) ट्राम वा ट्रलिबसमा लगानी गरी सञ्चालन गरेमा बाउन्न प्रतिशत ।

५. **पूर्वाधार निर्माणमा कर छुटः दफा ११(३थ)**

कुनै आय वर्षमा कुनै निकायले सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने जस्ता आयोजनाहरु र विद्युत गृह निर्माण, उत्पादन र प्रसारण गरेमा त्यस्तो निकायलाई सो निकायको करयोग्य आयमा लाग्ने करमा बीस प्रतिशतले छुट हुने ।

६. **आयको गणना सम्बन्धमाः दफा ११(४)**

कुनै व्यक्तिले यस दफा बमोजिम बेग्लाबेग्लै कर छुट सुविधा पाउने कारोबार गरेको रहेछ भने त्यस्तो सुविधा लिन आयको गणना गर्दा छुट्टाछुट्टै व्यक्तिले सो आय मात्र प्राप्त गरेको सरह मानी आय गणना गर्नु पर्ने ।

७. **खर्चकट्टी नपाउनेः दफा २१(१) को (घ१) र (घ२)**

स्थायी लेखा नम्बर नभएका कर्मचारी तथा कामदारलाई वितरण गरेको पारिश्रमिक तथा ज्याला खर्च एवं स्थायी लेखा नम्बर उल्लेख नभएको एक हजार रुपैयाँभन्दा बढी मूल्यको बीजक वापतको खर्च कट्टी गर्न नपाउने।

८. **दफा ४७क.को समय सीमा तोकिएकोः**

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

च.न.:

लाजिम्पाट, काठमाण्डौं

बैंकिङ्ग तथा वित्तीय व्यवसाय वा बीमा व्यवसाय गर्ने निकायहरुको मर्जर तथा एक्युजिशन भई गाभिने सम्बन्धमा सम्वत् २०७७ असार मसान्तभित्र आन्तरिक राजस्व विभागमा आशयपत्र दिनु पर्ने। त्यस्ता आशयपत्र दिनेले गाभिने प्रक्रिया सम्वत् २०७८ असार मसान्तभित्र पूरा गर्नुपर्ने।

९. **निवृत्तभरण कोष सरह सुविधा पाउने:**

नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको नागरिक लगानी कोष, योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषले अवकाश कोष राख्न चाहेमा त्यस्तो कोष, कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापना भएको कर्मचारी सञ्चय कोष र निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम स्थापना भएको निवृत्तभरण कोषले अवकाश कोष सञ्चालन गरेमा त्यस्तो कोषको लागि स्वीकृति लिनुनपर्ने ।

१०. **वायोमेट्रिक दर्ता सम्बन्धमा:**

स्थायी लेखा नम्बर लिई कारोबार गर्ने व्यक्तिले तोकिएको अवधिभित्र विभागले तोके बमोजिमको दर्ता सम्बन्धी विवरण वायोम्याट्रिक प्रणालीमा अद्यावधिक गर्नु पर्ने। दफा ७८

११. **विद्युतीय माध्यमको भुक्तानीबाट हुने कर फिर्तामा अग्रिम कर कट्टी गर्न नपर्ने:**

उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा प्रचलित कानून बमोजिम विद्युतीय माध्यमबाट भुक्तानी गरे बापत मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २५ को उपदफा (१ख) बमोजिम प्रदान गरिने प्रोत्साहन रकममा कर कट्टी गर्नु नपर्ने। दफा ८८(१) को खण्ड ५ को (ग)

१२. **न्यूनतम किस्ता रकम: दफा ९४(२)**

बुझाउनुपर्ने समग्र किस्ताको जम्मा रकम रु. सात हजार पाँच सय भन्दा कम भएमा त्यस्तो किस्ताको रकम बुझाउनु नपर्ने ।

१३. **बासिन्दा प्राकृतिक व्यक्तिको सूचीकृत निकायको हितको निसर्गमा लाग्ने कर:**

नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायमा रहेको हितको निःसर्गवाट प्राप्त लाभमा प्राकृतिक व्यक्तिको हकमा पाँच प्रतिशतको दरले कर लाग्ने । दफा ९५क.(२)(क)

१४. **धितोपत्र खरिद बिक्रीको लागत गणना: दफा ९५क.(२क)**

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

च.न.:
लाजिम्पाट, काठमाण्डौं

दफा ९५क. को उपदफा (२) को खण्ड (क) बमोजिम लाभ गणना गर्दा जुन निकायको हित निःसर्ग हुने हो त्यस्तो निकायमा सो मितिमा सो व्यक्तिको स्वामित्वमा रहेको हितको भारित औसत लागतको आधारमा गर्नु पर्नेछ ।

**१५. प्राकृतिक व्यक्ति वाहेक अन्य व्यक्तिको घरजग्गा कारोवारमा अग्रिम करः दफा ९५क.(६)**

प्राकृतिक व्यक्ति बाहेक अन्य कुनै ब्यक्तिको स्वामित्वको जग्गा वा भवनको निःसर्ग भएको मूल्यमा मालपोत कार्यालयले रजिष्ट्रेशनका बखत एक दशमलव पाँच प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्ने ।

**१६. कृषि उपज आयातमा अग्रिम आयकरः दफा ९५क.(७)**

व्यापारिक प्रयोजनको लागि पैठारी हुने भन्सार दरबन्दीको भाग १ मा पर्ने राँगा, भैंसी, खसी, बोका, भेडा, च्याङग्रा, भाग ३ मा पर्ने जीवित, ताजा तथा हिमिकृत गरिएको माछा, भाग ६ मा पर्ने ताजा फूलहरु, भाग ७ मा पर्ने ताजा तरकारी, आलु, प्याज, सुख्खा तरकारी,, लसुन,, बेबी कर्न र भाग ८ मा पर्ने ताजा फलफुलहरुमा भन्सार प्रयोजनका लागि कायम मूल्यमा पाँच प्रतिशत तथा भाग २ को मासु, भाग ४ को दूधजन्य पदार्थ, अण्डा,, मह, भाग १० को कोदो,, फापर,, जुनेलो,, चामल,, कनिका, भाग ११ को मैदा,, आँटा तथा पिठो, भाग १२ को जडिबुटी,, उखु र भाग १४ को वनस्पतिजन्य उत्पादनमा दुई दशमलब पाँच प्रतिशत अग्रिम आयकर भन्सार विन्दुमै असुल उपर गरिने।

**१७. बुझाएको आय विवरण संसोधन हुनेः दफा ९६(६)**

कुनै व्यक्तिले विभागमा म्यादभित्र पेश गरेको आय विवरण अन्यथा भई संशोधन गर्न चाहेमा विवरण पेश गरेको मितिले तीस दिनभित्र विभागले तोकेको प्रक्रिया बमोजिम आय विवरण संशोधन गर्न सक्ने।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

च.न.:
लाजिम्पाट, काठमाण्डौं

१८. **वास्तविक प्रतिफल प्राप्त गर्ने व्यक्ति कर भुक्तानी गर्न जिम्मेवार हुनेः दफा ११०ग.**

व्यवसायको वास्तविक प्रतिफल प्राप्त गर्ने व्यक्ति व्यवसाय दर्ता भएको व्यक्तिभन्दा फरक भएको प्रमाणित भएमा त्यस्तो व्यवसायको कर भुक्तानी गर्ने दायित्व त्यस्तो प्रतिफल प्राप्त गर्ने व्यक्तिको हुने।

१९. **प्रशासकीय पुनरावलोकन सम्बन्धमाः**

विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दिंदा विवादित करको एकचौथाई रकम बुझाउनुपर्ने । दफा ११५(६)

२०. **अनुमानित करको विवरण दाखिला नगरेमाः दफा ११७(१)**

अनुमानित करको विवरण दाखिला नगरेमा न्यूनतम पाँच हजार रुपैंयाँ वा आय विवरणमा उल्लिखित निर्धारणयोग्य आयको शून्य दशमलव शून्य एक प्रतिशतले हुने रकममध्ये जुन बढी हुन्छ सोही रकम शुल्क लाग्ने ।

२१. **कुनै आय वर्षमा बासिन्दा एकल प्राकृतिक व्यक्तिको करयोग्य आयमा करको दरः**

(क) चार लाख रुपैयाँसम्म रोजगारीको करयोग्य आय भएमा एक प्रतिशत,

(ख) चार लाख रुपैयाँभन्दा बढी तर पाँच लाख रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (क) बमोजिम चार लाख रुपैयाँसम्म चार हजार रुपैयाँ र चार लाख रुपैयाँभन्दा बढी करयोग्य आयमा दश प्रतिशत,

(ग) पाँच लाख रुपैयाँभन्दा बढी तर सात लाख रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (ख) बमोजिम पाँच लाख रुपैयाँसम्म चौध हजार रुपैयाँ र पाँच लाख रुपैयाँभन्दा बढी करयोग्य आयमा बीस प्रतिशत,

(घ) सात लाख रुपयाँभन्दा बढी तर बीस लाख रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (ग) बमोजिम सात लाख रुपैयाँसम्म चौवन्न हजार रुपैयाँ र सात लाख रुपैयाँभन्दा बढी करयोग्य आयमा तीस प्रतिशत र

(ङ) बीस लाख रुपैयाँभन्दा बढी कर योग्य आय भएमा बढी भएजति करयोग्य आयको खण्ड (घ) बमोजिम लागेको करको दरमा थप बीस प्रतिशत अतिरिक्त कर ।

तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृत्तभरण बापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा खण्ड (क) बमोजिमको कर नलाग्ने ।

२२. **कुनै आय वर्षमा ऐनको दफा ५० बमोजिम छनौट गर्ने दम्पतिको करयोग्य आयमा करको दरः**

(क) चार लाख पचास हजार रुपैयाँसम्म रोजगारीको करयोग्य आय भएमा एक प्रतिशत,

(ख) चार लाख पचास हजार रुपैयाँभन्दा बढी तर पाँच लाख पचास हजार रुपैयाँसम्मको करयोग्य आय भएमा खण्ड (क) बमोजिम चार लाख पचास हजार रुपैयाँसम्म चार हजार पाँचसय रुपैयाँ र चार लाख पचास हजार रुपैयाँभन्दा बढी करयोग्य आयमा दश प्रतिशत,

(ग) पाँच लाख पचास हजार रुपैयाँभन्दा तर सात लाख पचास हजार रुपैयाँसम्म बढी करयोग्य आय भएमा खण्ड (ख) बमोजिम पाँच लाख पचास हजार रुपैयाँसम्म चौध हजार पाँचसय रुपैयाँ र पाँच लाख पचास हजार रुपैयाँभन्दा बढी करयोग्य आयमा बीस प्रतिशत,

(घ) सात लाख पचास हजार रुपैयाँभन्दा बढी तर बीस लाख रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (ग) बमोजिम सात लाख पचास हजार रुपैयाँसम्म चौवन्न हजार पाँचसय रुपैयाँ र सात लाख पचास हजार रुपैयाँभन्दा बढी करयोग्य आयमा तीस प्रतिशत,

(ङ) बीस लाख रुपैयाँभन्दा बढी कर योग्य आय भएमा बढी भएजति करयोग्य आयको खण्ड (घ) बमोजिम लागेको करको दरमा थप बीस प्रतिशत अतिरिक्त कर ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

च.न.:

लाजिम्पाट, काठमाण्डौं

तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृत्तभरण बापतको आय र योगदानमा आधारित निवृत्तभरण कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा खण्ड (क) बमोजिमको कर नलाग्ने ।

२३. **बासिन्दा प्राकृतिक व्यक्तिको सूचीकृत निकायको हितको निसर्गमा लाग्ने करः**

नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायमा रहेको हितको निःसर्गवाट प्राप्त लाभको हकमा पाँच प्रतिशतको दरले कर लाग्ने । अनुसूची १ को दफा १(४)(ख)(३)

२४. **पूर्वानुमानित करः अनुसूची १ को दफा १(७)**

(क) महानगरपालिका वा उपमहानगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा सात हजार पाँचसय रुपैयाँ,

(ख) नगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा चार हजार रुपैयाँ,

(ग) खण्ड (क) र (ख) मा उल्लिखित क्षेत्र बाहेक अन्य क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा दुई हजार पाँचसय रुपैयाँ ।

२५. **कारोवारमा आधारित कर (TOT)का दरहरुः अनुसूची १ को दफा १(१७)**

बीस लाख रुपैयाँसम्मको कारोबारमा ऐनको दफा ४ को उपदफा (४) बमोजिमको कर र सोभन्दा बढीको कारोबार रकममा देहाय बमोजिमको दरले कर लाग्नेछः

(क) ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोबार गर्ने व्यक्तिलाई कारोबार रकमको शून्य दशमलब दुई पाँच प्रतिशत,

(ख) खण्ड (क) मा उल्लिखित व्यवसाय वाहेकको व्यवसाय गर्ने व्यक्तिलाई कारोबार रकमको शून्य दशमलब सात पाँच प्रतिशत,

(ग) सेवा व्यवसाय गर्ने व्यक्तिलाई कारोबार रकमको दुई प्रतिशत ।

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np



२६. **सहकारीको करको दरः**

सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा बीस प्रतिशतका दरले कर लाग्ने।

**तर देहाय बमोजिमका वित्तीय कारोबार गर्ने सहकारी संस्थालाई देहाय बमोजिम छुट हुनेछः-**

**(क) नगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा लाग्ने करको दरमा पचहत्तर प्रतिशत,**

**(ख) उपमहानगरपालिका र महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा लाग्ने करको दरमा पचास प्रतिशत ।**

## अन्तशुल्क तर्फः-

१. **अन्तःशुल्क इजाजत नविकरण सम्बन्धी व्यवस्थाः**

अन्तःशुल्क ऐन, २०५८ को दफा ९(५) बमोजिमको अवधिभित्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने इजाजतपत्रवालाले नवीकरण गराउन त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको पचास प्रतिशत र त्यसपछिको तीन महिनाभित्र शतप्रतिशत जरिबाना बुझाउनु पर्नेछ ।तर दफा ९ को उपदफा (३) बमोजिम इजाजतपत्र लिई उपदफा (५) बमोजिमको अवधिभित्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने इजाजतपत्रवालाले नवीकरण गराउन चाहेमा प्रत्येक वर्षको लागि लाग्ने नवीकरण दस्तुर र सो को शतप्रतिशत जरिबाना बुझाई सम्वत् २०७६पौष मसान्तभित्र नवीकरण गराउन सक्ने ।दफा ९(६क.)

२. **प्रशासकीय पुनरावलोकनको निवेदनमा रकम दाखिला सम्बन्धमाः**

अन्तःशुल्क निर्धारण उपर विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दिंदा विवादित अन्तःशुल्क र जरिवाना रकमको एकचौथाई रकम दाखिला गर्नुपर्ने । दफा १९(५)

## चलचित्र विकास शुल्क तर्फः

१. चलचित्र घरहरुले विद्युतीय प्रणाली (ई टिकेटिङ्ग सिष्टम) बाट टिकट जारी गरी २०७६ असार मसान्तभित्र केन्द्रीय चलचित्र व्यवस्थापन प्रणाली (सेन्ट्रल सिनेमा म्यानेजमेन्ट) को सर्भरसँग लिङ्क गर्नु

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

च.न.:

लाजिम्पाट, काठमाण्डौं

पर्नेछ । तोकिएको समयमा विद्युतीय प्रणाली जडान तथा केन्द्रीय सर्भरसँग लिङ्क नगरी टिकट जारी गरेको पाइएमा त्यसरी जारी गरिएको टिकटबाट प्राप्त रकमको पहिलो पटकका लागि शतप्रतिशत एक पटकभन्दा बढीको लागि दुई सय प्रतिशत जरिबाना लगाई असुल उपर गरिने ।

२. चलचित्र विकास शुल्क चलचित्र घरहरूले असुल उपर गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र प्रकरण ५ को अधीनमा रही विवरण सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा सो कार्यालयहरु नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा दाखिला गर्नु पर्नेछ । तोकेको समयमा शुल्क नबुझाउनेलाई प्रत्येक महिनाको बुझाउनु पर्ने शुल्कको पच्चीस प्रतिशत जरिबाना लाग्नेछ । चलचित्र विकास शुल्कको मासिक विवरण उल्लिखित अवधिभित्र चलचित्र विकास बोर्डमा समेत बुझाउनु पर्नेछ । चलचित्र विकास बोर्डमा बझाउनु पर्ने विवरण बक्स अफिस प्रणालीबाट समेत पठाउनु पर्ने ।

## मूल्य अभिबृद्धि कर (एक्काइसौं संशोधन) नियमावली, २०७६

१. **दर्ता भएको व्यक्तिसंग मात्र सेवा दिनु लिनु पर्नेः (नियम ६क.(२)**

सरकारी निकाय, सार्वजनिक संघ, संस्था वा दर्ता भएको व्यक्तिले वार्षिक पाँचलाख रुपैयाँभन्दा बढीको ठेक्कापट्टा वा परामर्श सेवा लिँदा दर्ता भएको व्यक्तिसँग मात्र दिनु लिनु पर्ने ।

२. **ठेक्का र वस्तु तथा सेवा आपूर्ति वापतको कर भुक्तानी सम्बन्धी विशेष व्यवस्थाः** (नियम ६ग.)

सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्ने ।यसरी राजस्व जम्मा गरिदिएको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनुपर्ने र जम्मा भएको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले बुझाउनु पर्ने करमा मिलान गर्न पाउने ।

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

च.न.: लाजिम्पाट, काठमाण्डौं

**३. वायोमेट्रिक प्रणालीमा अभिलेख अद्यावधिक गर्ने अवधिः (नियम ७ख.)**

दर्ता भएका व्यक्तिले आफ्नो अभिलेख सम्बत् २०७७ साल असार मसान्तभित्र ऐनको दफा १०ग. बमोजिम वायोमेट्रिक प्रणालीमा अद्यावधिक गराउनु पर्ने ।

**४. मू.अ.कर फिर्ता सम्बन्धीः (नियम ३९(५) मा संशोधन)**

मूल नियमावलीको नियम ३९ को उपनियम (५) मा रहेका "पचास प्रतिशत" भन्ने शब्दहरुको सट्टा "चालीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

**५. कर कट्टी गर्न नपाइनेः (नियम ४१ (१) (ग) मा संशोधन)**

मूल नियमावलीको नियम ४१ को उपनियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

(ग) पेट्रोलियम पदार्थ (पेट्रोल, डिजेल र एल.पि. ग्याँस) ।

**६. कर फिर्ता सम्बन्धी व्यवस्थाः (नियम ४५ मा संशोधन)**

ऐनको दफा २४ को उपदफा (३) र (४) वा दफा २५ को प्रयोजनका लागि कर फिर्ता दिँदा कर अधिकृतले करदाताबाट फिर्ताका लागि पेश गरिएका प्रमाणहरु तुरुन्त छानवीन गरी दर्ता भएका मितिले दफा २४ को उपदफा (३) को हकमा साठी दिनभित्र र दफा २४ को उपदफा (४)र दफा २५ को हकमा तीस दिनभित्र फिर्ता दिनुपर्ने ।

**७. मू.अ.कर फिर्तामा रिफण्ड सप सम्बन्धीः (नियम ४५ (२क) थपिएको)**

ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क) र (क१) बमोजिमका कूटनीतिक नियोग तथा कूटनीतिज्ञले कर फिर्ता प्रयोजनका लागि विभागमा सूचिकृत भएका फर्म तथा कम्पनी (रिफण्ड सप)बाट खरिद गरिएको बस्तु तथा सेवामा तिरेको कर विभागले तोकेको प्रक्रिया बमोजिम तीस दिन भित्र फिर्ता गरिने ।

८. "कर सहयोगी राख्न सक्ने" सम्बन्धी नियम ५८क. झिकिएको ।

नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग


फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np


च.न.:

लाजिम्पाट, काठमाण्डौं

## आयकर (नवौं संशोधन) नियमावली, २०७६

१. **मूल नियमावलीको नियम २९ मा संशोधनः**

मूल नियमावलीको नियम २९ को उपनियम (३) को खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर सरकारी कारोवार गर्न े मान्यता प्राप्त बैङ्कमार्फत भुक्तानी गर्दा दश लाख रुपैयाँभन्दा बढीको रकम चेकड्राफ्ट वा विद्युतीय माध्यम ,बाट भुक्तानी गर्नु पर्नेछ।"

## अन्तःशुल्क (उन्नाइसौं संशोधन) नियमावली, २०७६

१. **अन्तःशुल्क नियमावली, २०५९ को नियम ३४ मा संशोधनः**

अन्तःशुल्क नियमावली, २०५९ को नियम ३४ मा रहेको "अन्नको दानाबाट प्रति क्वीण्टल ६८.८ ओ.पी. शक्तिको कम्तीमा ३०.५७ लिटर ई.एन.ए." भन्ने शब्दहरुको सट्टा "अन्नको दानाबाट प्रति क्वीण्टल ६८.८ ओ.पी. शक्तिको कम्तीमा ४२ लिटर ई.एन.ए. मात्र उत्पादन गर्नु पर्नेछ । फलफूलबाट वाइन उत्पादन गर्ने प्रतिष्ठानहरुले प्रति किलो फलफूलबाट १२ प्रतिशत अल्कोहलको मात्रा भएको २ लिटर वाइन वा सोही अल्कोहल प्रतिशतलाई आधार मानि आनुपातिक रुपमा वाइन उत्पादन गर्नुपर्नेछ ।" भन्ने शब्दहरु राखिएका छन् ।